आ.व. २०७९/०८०

# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका

रोल्पा जिल्ला

लुम्बिनी प्रदेश

२०७८/०३/०८

सम्मानित बाह्रौं गाउँसभा सदस्यज्यूहरु,

गाउँसभाका सम्पूर्ण सदस्यहरु,विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,समाजसेवी तथा वुद्धिजीविहरु,पत्रकार, सुरक्षाकर्मी ,सम्पूर्ण कर्मचारीहरु, सभामा उपस्थित तथा प्रत्यक्ष रेडियो प्रसारण तथा सामाजिक सञ्जालबाट सुनिरहनु तथा हेरीरहनु भएका सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम यस गाउँपालिकाको बाह्रौं गाउँसभामा आर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न उभिएको छु । यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता, न्याय, राष्ट्रियताका पक्षमा भएका आन्दोलन र जनयुद्ध मार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जिवनको वलिदानी गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता, घाइते, जेलवन्दि तथा राजनीतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सवै अग्रजहरु प्रति हृदयको गहिराईबाट नमन गर्दछु । तिनका आश्रित परिवार जनमा सम्मान व्यक्त गर्न चाहान्छु ।

केन्द्रिकृत व्यवस्थाबाट जनताका असिम आशा र आवश्यकतालाई संवोधन गर्न नसकेको प्रतिफल स्वरुप स्थानीय तहको निर्वाचन सम्पन्न गरि सिंहदरबारको अधिकार गाउँ गाउँमा पुऱ्याउने उद्देश्यले स्थानीय सरकार गठन भएका छन् । त्यसै अनुरुप राज्य पुन: सरचनाको क्रममा संघर्षको उपजका रुपमा सुनिलस्मृति गाउँपालिका स्थापना भएको कुरा यहाँहरुलाई विदितै छ । लोकतन्त्रको रक्षा गर्दै स्थानीय बासीको समग्र समृद्धिमा अहोरात्र सुनिलस्मृति सरकार लागिरहेको छ र लागि रहनेछ ।

विभिन्न समयहरुमा हुने महामारी जन्य रोग तथा विपतहरुबाट सुनिलस्मृति गाउँपालिकाका सवै जनताको सुरक्षा गर्नुपर्ने अहम् जिम्मेवारी हाम्रो काँधमा आएको छ । हामी जनताको सेवामा रति भर विचलित नभइ अनवरत रुपमा संवेदनशिलतालाई ख्याल गर्दै अगाडी बढ्ने कुरामा कटीवद्ध छौ र रहिरहनेछौं ।

देशमा राजनीतिक क्रान्तिहरु इतिहासको विभिन्न काल खण्डमा भए, मलाई लाग्छ अब देशमा आर्थिक क्रान्ति मार्फत राजनीतिक क्रान्तिको जरुरत छ, सोही अनुरुप हामी विकास निर्माण, सुशासन, आर्थिक विकास, नागरिकको जिवनस्तर माथि उकास्ने र समृद्धिको लागि सहकार्य र सहमतिका साथ अघी बढ्ने प्रतिबद्ध रहेका छौं । नेपालको संविधान, २०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन तथा सुझाव, यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा

निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र प्रचलित ऐन, कानूनको अनुसरण गर्दै जनताका आवश्यकता तथा प्राथमिकीकरणलाई ध्यानमा दिइ आगामी आ.व.को बजेटको आधारको रुपमा यस सुनिलस्मृति गाउँपालिकाको आ.व. २०७९/०८० को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

**अब म आ.ब. २०७८/०७९ मा अघि बढाइएका नीति तथा कार्यक्रमहरुको समिक्षा प्रस्तुत गर्न चाहान्छु ।**

१. एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना, सवलीकरण एवम् भौतिक पूर्वाधार विकासमा विशेष जोडदिइ वडा नं. ३ मिझिङ र वडा नं. ५ काभ्रामा आधारभूत स्वास्थ्य केन्द्रको स्थापना गरिएको छ भने वडा नं. ५ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माणाधिन अवस्थामा रहेको छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा भएका बस्तीहरुमा आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि सामुदायिक स्वास्थ्य इकाइ केन्द्र वडा नं. २ लामाचौरमा सञ्चालनमा ल्याइएको छ भने वडा नं. १ थुम्पाकीको भवन निर्माणधिन अवस्थामा रहेको छ ।

२. महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई आधारभूत तालिम, समिक्षा गरिएको छ भने उच्च मनोवलका लागि बार्षिक ६ हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ ।

३. गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत नियमित नि:शुल्क भिडियो एक्सरे गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

४. ज्येष्ठ नागरिक, महिला, किशोरी तथा बालबालिकाको स्वास्थ्य सेवालाई विशेष प्राथमिकताका दिइ घरदैलो स्वास्थ्य कार्यक्रमलाई प्रभावकारीरुपमा अगाडि बढाइएको छ । अति विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न औषधोपचार खर्चमा सहयोग गरिएको छ ।

५. स्वास्थ्य संस्थामा रिक्त रहेका दरवन्दी तथा सामुदायिक स्वास्थ्य इकाइ केन्द्रहरुमा स्वास्थ्यकर्मीको व्यवस्था गरि सेवा प्रभावलाई थप प्रभावकारी बनाइएको छ ।

६. बर्थिङ सेन्टरहरुबाट चौविसै घण्टा सुत्केरी सेवा तथा अत्यावश्यक सेवा दिइदै आएको छ ।

७. विद्यालयको पठनपाठन तथा व्यवस्थापन सुदृढिका लागि प्रध्यानाध्यापकहरुलाई प्रशासनीक तथा क्षमता विकास तालिम र अंग्रेजी माध्यमबाट अध्ययन गराउने विद्यालय शिक्षकहरुको क्षमता विकास तालिमको व्यवस्था गरिएको छ ।

८. उपाध्यक्ष छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइ "छोरी बचाउ, छोरी पढाउ" कार्यक्रमको लागु गरिएको छ ।

९. विद्यार्थीसँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइ सवै माध्यामिक विद्यालयहरुमा एकै प्रकारको पिटि कार्यक्रम लागु गरिएको छ ।

१०. निजी शिक्षकको अन्त्य गर्दै गाउँपालिका अनुदान शिक्षकको व्यवस्था गरि पठनपाठनलाई थप प्रभावकारी बनाइएको छ ।

११. नेपाल राष्ट्रिय माध्यामिक विद्यालय तेबाङलाई कक्षा १२ र बालवोध आधारभूत विद्यालयलाई कक्षा ८ थप गरि व्यवस्थित गरिएको छ ।

१२. बहुवर्षिय ठेक्का मार्फत सुर्योदय आधारभूत विद्यालय क्वालीगाउँ, नेपाल राष्ट्रिय माध्यामिक विद्यालय अरेश, जनज्योति माध्यामिक विद्यालय गजुल, चन्द्रप्रभा माध्यामिक विद्यालय मिझिङ, नेपाल राष्ट्रिय माध्यामिक विद्यालय तेबाङ, जनता आधारभूत कोइरालखर्क भवन निर्माण कार्यलाई अगाडि बढाइएको छ । भने सुर्योदय माध्यामिक विद्यालय सुलिचौर र बालवोध आधारभूत विद्यालय काभ्राको भवन निर्माण कार्य सम्पन्न भएको छ ।

१३. सवै सरकारी विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरि पठनपाठनमा सहज बनाइएको छ ।

१४. ७५ प्रतिशत अनुदानमा च्याउको विउ, मकै र गहुँको उन्नत विउ किसानहरुलाई उपलब्ध गराइएको छ भने ८५ प्रतिशत अनुदानमा प्लाष्टिक टनेल र थोपा सिचाई कार्यक्रमको लागु गरिएको छ ।

१५. एक घर एक करेसाबारी प्रवर्धन कार्यक्रम र तालिमलाई व्यवस्थित गरि कार्यान्वयन गरिएको छ ।

१६. प्रकोप व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिइएको छ भने कृषकहरुलाई पुरस्कार कार्यक्रम मार्फत कृषि क्षेत्रमा लाग्न प्रोत्साहन गरिएको छ ।

१७. पशु स्वास्थ्य घुम्ती शिविर सञ्चालन गरि जनताको घरदैलोबाट सेवा प्रदान गरिएको छ ।

१८. पाठि खरिद गरि कृषक समुहलाई हस्तान्तरण गरि आय मुलकमा थप प्रभावकारी बनाइएको छ ।

१९. १०० प्रतिशत र ५० प्रतिशतको वोयर वोका कृषकहरुलाई हस्तान्तरण गरिएको छ ।

२०. बर्षे र हिउदे घाँस कृषकहरुलाई वितरण गरिएको छ भने बाख्रा पालन कृषकहरुलाई तालिमको व्यवस्था गरि थप प्रभावकारी बनाइएको छ ।

२१. महिलाहरुको संस्थागत विकासको लागि महिला विकास समिति, वडास्तरीय महिला सञ्जाल, गाउँपालिकास्तरीय महिला सञ्जाल गठन गरि अगाडि बढाइएको छ ।

२२. सीप विकास तथा स्वरोजगारका लागि १७ जना महिलाहरुलाई सिलाईकटाई सीप अभिवृद्धि, २२ जना महिलाहरुलाई आधारभूत कम्प्यूटर र १६ जना महिलाहरुलाई क्रिष्टल गहना निर्माण तालिम प्रदान गरिएको छ ।

२३. पाँच लाखको लैङ्गिक हिंसा निवारण कोषको स्थापना गरिएको छ ।

२४. अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्रीहरु ८ जनालाई ह्वीलचियर र ७ जनालाई बैसाखी वितरण, अपाङ्गता भएका व्यक्तिहरुको गाउँपालिका स्तरीय सञ्जाल गठन, हाल सम्म २८१ जनालाई अपाङ्ग परिचय-पत्र वितरण गरिएको छ ।

२५. गाउँपालिका स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन, ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना, हालसम्म १६२० जनालाई ज्येष्ठनागरिक परिचय-पत्र वितरण गरिएको छ ।

२६. सबै वडामा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा बाल विवाह न्यूनीकरण, लैङ्गिक हिंसा विरुद्ध अभिमूखीकरण कार्यक्रम, बाल समूह तथा सञ्जाल गठन बालविवाह न्यूनीकरणका लागि विभिन्न सरोकारवालाहरुलाई अभिमुखीकरण तथा प्रतिवद्धता सङ्कलन, सबै वडा तथा गाउँपालिका स्तरमा बालमैत्री स्थानीय शासन नीतिगत अवलम्वन, कार्यान्वयन तथा घोषणा सम्वन्धी अभिमुखीकरण सम्पन्न गरिएको छ ।

२७. दुई लाखको बालसंरक्षण कोष स्थापना गरिएको छ ।

२८. विभिन्न दिवसीय कार्यक्रमको अवसरमा सचेतनामूलक कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, बाल संरक्षण नीति २०७८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति २०७८ तयार गरिएको छ ।

२९. चालु आ.व.मा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकाका ८ वटै वडा भित्र २६ वटा योजनाहरु सञ्चालन भएका र उक्त योजनामा २९० जना बेरोजगार व्यक्तिहरुले रोजगार दिइएको छ ।

**अब म यस गरिमामय गाउँ सभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

- नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समतामूलक समाज, तीन खम्बे आर्थिक नीति, समाजवाद उन्मुख अर्थतन्त्र, सबै प्रकारका भेदभाव उन्मुलन, नागरिक स्वतन्त्रता लगायतका मौलिक हकहरुको कार्यान्वयन एवम् कानूनी राज्यको मूल्य र मान्यतालाई स्थापित गर्ने नीति अख्तियार गरिने छ ।

- नेपालको संविधान, पन्ध्रौं पन्चवर्षीय योजना, दिगो विकास लक्ष्य, नेपाल सरकारका विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रम, सुनिलस्मृति गाउँपालिकाको आवधिक योजनालाई ध्यान दिंदै गाउँपालिकाको आवश्यकता परिपूर्ती गर्न शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, पर्यटन, उद्योग, जलश्रोत जस्ता क्षेत्रलाई उच्च प्राथमिकतामा राखी प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
- संघीय सरकार, प्रदेश सरकार, जिल्ला समन्वय समिति तथा सुनिलस्मृति गाउँपालिका विच सहकार्य, समन्वय तथा सहअस्तित्वका आधारमा समपुरक तथा विशेष योजनाहरु सञ्चालन गर्ने कार्यलाई प्राथमिकता दिई वजेटको सुनिश्चितता गरिने छ ।
- अन्तर पालिका विच सहकार्य गरी विकासका कार्यहरु अगाडि वढाइ पालिका विचको अन्तरसम्बन्धलाई अझ मजबुत बनाइने छ ।
- विकासका क्रियाकलापहरुमा मानव सूचकाङ्कमा दृष्टिले पिछडिएका क्षेत्र वर्ग एवं समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।
- आयोजना तथा कार्यक्रमहरुलाई आयोजना बैङ्कमा राखी प्राथमिकताकासाथ कार्यान्वयन गरिनेछ।
- नेपाल सरकारको नीति अनुरुप गाउँपालिकाको आर्थिक सर्वेक्षण गर्ने कार्यको थालनी गरिनेछ । जसवाट गाउँपालिकाको समग्र आर्थिक तथा समाजिक क्षेत्रको वर्तमान अवस्थाको वारेमा प्रष्ट चित्र देखिनेछ।

**आर्थिक विकासः**

**१. कृषि सेवा**

- कृषि र सो सम्वन्धी उत्पादन तथा वातावरणीय लाभको सम्भावनाको पहिचान गर्न समग्र वस्तुस्थिति खुल्ने गरी विद्युतीय भौगर्विक नक्साकंनको(integrated land profile) कार्य आउदो वर्ष नै सुरुवात गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित कृषि उपजको प्रयोगलाई प्राथमिकता र प्रोत्साहन गर्न उपयुक्त स्थानमा हाटवजार सञ्चालनको संभाव्यता अध्ययन गरिनेछ।
- प्राङ्गारिक कृषि उत्पादनका लागि प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन गरिनेछ।
- पालिकालाई खाद्यान्न, मासु, दुग्ध तथा तरकारीमा आत्मनिर्भर बनाइनेछ ।
- कृषि पर्यटनलाई आकर्षण गर्न सुन्तला, आँप, केरा, घ्यू, मह, माछा प्रबर्द्धनमा जोड दिइनेछ।
- व्यरोजगार युवालाई कृषिमा आधारित उद्योग खोल्नमा प्रोत्साहन गरिनेछ ।
- परम्परागत रुपमा उत्पादन गरिदै आएका रैथाने कृषि वाली र प्रजातीको संरक्षण र प्रवर्द्धन गरिनेछ।
- कृषि उपजको उत्पादित बस्तुको ब्राण्डिङ गरिने व्यवस्था गरिने छ।

- **"घरघरमा करेशावारी, नागरिक स्वस्थ जिवनभरी"** कार्यक्रम सञ्चालन गरिनेछ।सोको लागि तरकारी विउविजन वितरण कार्यक्रम सञ्चालन गरिनेछ।
- Citrus Fruit को उत्पादनलाई प्राथमिकता दिई संभाव्यताका आधारमा पकेट क्षेत्रको रुपमा विकास गरिने छ।
- कृषकको तथ्याङ्कीय आधारमा मापनयोग्य परिभाषिकरण गरि कृषकको परिचयपत्र वितरण गर्ने र परिचयपत्र प्राप्त गर्नेलाई मात्र वित्तीय उत्प्रेरणा र अन्य प्रोत्साहनमा सहभागी गराइने छ।
- जोखिम युक्त क्षेत्रको Hazzard Mapping गरी कृषि वालिमा हुने क्षतिको न्यनिकरणको पूर्वतयारी गरिनेछ।
- उत्पादन र उत्पादकत्व वृद्धिका लागि आधुनिक जातको बीउ, आधुनिक उपकरण र सामाग्रीहरु कृषक समूहलाई लागत साझेदारीमा वितरण गरिने छ । वितरणमुखी कार्यक्रम जसले प्रतिफलको सुनिश्चता गर्दैन त्यस्ता कार्यक्रम निरुत्साहित गरिने छ । कृषिको यान्त्रिकरण तथा आधुनिकीकरणमा जोड दिइनेछ ।
- कृषि लगायत अन्य अनुदानको उपयोगिता र यसले पारेको सकारात्मक प्रभावको अध्ययन गरी आवश्यक सुधारका उपायहरु अवलम्वन गरिनेछ ।
- विपन्न वर्गका व्यक्तिहरुलाई आय आर्जनका रुपमा आधुनिक ढंगले सञ्चालन गर्ने गरी लागत साझेदारीमा कृषि उत्पादनलाई आधुनिकिकरण गर्ने र उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउनको लागि संकलन केन्द्र स्थापना गरी उत्पादित वस्तुलाई बजारको पहुँचको सुनिश्चितता गरिने छ ।
- कृषकहरुको कृषिजन्य उत्पादनलाई सुरक्षित भण्डारणको लागि चिस्यान केन्द्र निर्माणका लागि आवश्यक बजेटको प्रवन्ध गरिने छ।
- कृषि तथा पशुजन्य बस्तुको वजारिकरण गर्न आवश्यक जग्गा ब्यवस्था गरि हाटबजार निर्माण तथा कृषि संकलन केन्द्रको व्यवस्था गरिनेछ ।
- फलफुल खेतीको पकेट क्षेत्र तोकी कागती सुन्तला अदुवा भटमास फलफुल बाली तथा नगदे वालीलाई प्रवद्धन र विकास गरिनेछ ।
- जंगली जनावरबाट वालीनाली नोक्सानीले गर्दा कृषकमा हुने निरुत्साहितलाई उत्साहित गर्न कृषि विमाको व्यवस्था गरिनेछ ।
- व्यवसायिक खेती गरिने क्षेत्रमा सिंचाई प्रणाली विकास गर्न र कृषि पकेट क्षेत्रमा सिचाई सुविधा पुऱ्याउने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. सिंचाई

- सिचाइ प्रणालीको दिगोपनामा जोड दिइने छ।
- आवश्यकता अनुसार लिफ्ट सिचाई योजनालाई निरन्तरता दिइनेछ ।
- सञ्चालित कुलोहरुको नियमित मर्मत सम्भार गरिनेछ र सिचाई नपुगेको ठाउँमा नयाँ कुलोहरु निर्माण गरिनेछ ।

## ३. पशु सेवा

- पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न प्रोत्साहन गरिने छ । स्वस्थ तथा सफा पशुजन्य पदार्थ आपुर्तिको लागि प्रेरित गर्ने तथा सोको लागि आवश्यक सहयोग गरिने छ ।
- पशुपन्छी व्यवसाय सञ्चालन गर्नका लागि कृषिकहरुलाई तालिमको व्यवस्था गरिनेछ साथै व्यावसायिक कृषकहरुलाई प्रोत्साहित गर्नका लागि हिउँदे घाँसको विउ र डाले घाँसको बेर्ना निशुल्क उपलब्ध गराईने छ ।
- पशुसेवा केन्द्र देखि टाढा रहेका स्थानहरुलाई लक्षित गरी पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- पशुपालन व्यावसायलाई सुरक्षित गर्न पशु बिमा सम्बन्धी जानकारी दिन अभिमुखीकरण तालिमको प्रबन्ध गरिनेछ ।
- भेडा बाखामा लाग्ने पिपिआर रोग रोकथापको लागि खोप अभियान सञ्चालन गरिनेछ ।

## ४. सहकारी

- सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइने छ । सहकारी संघ संस्थाहरुसँग सहकार्य गरी उत्पादनमूलक व्यवसाय सञ्चालन गर्ने कार्य अघि बढाइने छ ।
- कुनै पनि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले सञ्चालन गर्ने कार्यक्रमहरुको लागि गाउँपालिकाबाट अनुमति लिनु पर्ने र गाउँपालिकाको नीति अनुरुप कार्यक्रम सञ्चालन गर्ने गरी एकद्धार नीति अवलम्वन गरिनेछ ।
- सहकारीलाई व्यवस्थित गर्न सहकारी अनुगमन संयन्त्र वनाई कार्य अगाडी बनाईनेछ ।
- सहकारी संस्थाको क्षमता विकासका लागि सहकारी प्रशिक्षण र अनुसन्धान कार्यक्रम सञ्चालन गरिने छ ।

## ५. जलाधार संरक्षण

- गाउँपालिका भित्रका जलाधारहरुको पहिचान गरी संरक्षण गरिने छ ।
- जलाधार क्षेत्रको संरक्षणका लागि रिचार्ज पोखरी निर्माण कार्य अगाडि बढाइने छ ।

- जलाधार संरक्षण र सम्वर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

## ६. पर्यटन

- पर्यटनलाई आर्थिक विकासको महत्वपूर्ण पक्षको रुपमा लिई मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गरिदै लगिनेछ।
- पुरातत्व, प्राचिन स्मारक तथा संग्रहालयको स्थापना र संरक्षण गरिने नीति अवलम्वन गरिनेछ।
- रोल्पा जिल्लाकै चिनारीको रुपमा रहेको लिस्ने लेखलाई प्यूठान संग जोड्ने पर्यटकीय पैदलमार्गको रुपमा सगर्व विकास गरिने छ। उक्त स्थानमा Hill Station निर्माणको सम्भाव्यता पहिचान गरी आवस्यक संरचनाको विकास गरिनेछ।
- पर्या पर्यटन, संस्कृति पर्यटन, युद्ध पर्यटन र अन्य पर्यटकीय संभावनाको क्षेत्र जोड्ने गरी Sunil Circuit को विकास गरिनेछ।

## ७. रोजगारी

- बेरोजगार व्यक्तिहरुलाई अभिमुखीकरणको माध्यमबाट क्षमता विकास गरिनेछ ।
- बेरोजगारी युवाहरुको लागि स्वरोजगार कार्यक्रम ल्याइनेछ ।
- वातावरण प्रतिकुल असर नपर्ने तथा बढी भन्दा बढी रोजगारी सृजना हुने साथै गाउँपालिकाबाट सञ्चालन हुने रकम रु ५ लाख भन्दा कम बजेटका आयोजनाहरुमा स्थानीय जनशक्तिलाई परिचालन गर्न प्रोत्साहन गरिने छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमसँग आवद्ध गरि यथार्थ उत्पादनमूलक रोजगारी सिर्जना गर्नका लागि बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिने छ ।
- रोजगार सेवा केन्द्रद्वारा रोजगारदाता र रोजगारीको खोजीमा रहेकाहरु विच सम्पर्क स्थापित गरी रोजगारी प्राप्तिमा सहयोग पुऱ्याउने कार्य अगाडि बढाइने छ ।
- गाउँपालिकामा विद्यमान गरिबीको स्थिति मापन गरी गरिबी अन्त्यका लागि रोजगारीको व्यवस्था र आय आर्जनका लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- उद्यमशील तालिम प्राप्त गरेका उद्यमीहरुलाई आफ्नो सीपको सही सदुपयोगका लागि प्रविधि हस्तान्तरण अन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

## सामाजिक क्षेत्र

### १. स्वास्थ्य

- जनस्वास्थ्य सम्वन्धी योजना तर्जुमाको लागि Health Screening कार्यलाई विस्तार र वस्तुनिष्ट बनाइनेछ। यसका लागि स्वास्थ्य घुम्ति सिविरको सञ्चालन गरिनेछ।
- नेपाल सरकारको नीति अनुरुप ९८ प्रकारका निशुल्कः औषधीको नियमित आपूर्तीलाई सुनिश्चित गरिनेछ। प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा प्रक्रिया पूरा गरी औषधि पशल सञ्चालनमा ल्याइनेछ।
- मानसिक असन्तुलन र फरक व्यवहार देखाउने व्यक्तिलाई पुनर्स्थापना केन्द्रको सहयोगमा पुर्नर्स्थापनामा सहयोग गरिनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्रकोको अत्यावश्यक भौतिक तथा स्वास्थ्य सम्वन्धी पूर्वाधारको प्रवन्ध गरी त्यहाँबाट प्रदान गरिने स्वास्थ्य सेवा सुविधाको प्रभावकारिता अभिवृद्धि गरिनेछ।
- १५ सैयाको अस्पताल निर्माण गर्ने कार्यको लागि मापदण्ड अनुरूपको जग्गा प्राप्ति गर्ने कार्य सिघ्र सम्पन्न गरी आगामि आ.व.मै ठेक्का प्रक्रियामा गई निर्माण कार्यको थालनी गरिनेछ।
- स्थानीय स्तरमा जनस्वास्थ्य निगरानी (Public Health Surveillance)कार्यक्रम सञ्चालन गरि स्वास्थ्य जोखिम न्यूनीकरणतर्फ प्रयास गरिनेछ्। जनस्वास्थ्य विपद् प्रतिकार्य (Response)का लागि दूर्त प्रतिकार्य समूह (RRT) गठन गरी सञ्चालनमा ल्याइनेछ।
- सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- मातृ तथा बाल स्वास्थ्य, प्रजनन स्वास्थ्य लगायत आधारभूत स्वास्थ्यको लागि आवश्यक बजेट तथा कार्यक्रमहरुको तर्जुमा गरिने छ ।
- स्वास्थ्य सेवाको पहुँच गाउँवस्तीसम्म पुऱ्याउन गाउँघर क्लिनिकलाई थप प्रभावकारी बनाउदै भौतिक पूर्वाधार थप गर्दै लगिने छ ।
- मुटु, क्यान्सर, मृगौला रोगका दिर्घरोगीहरुलाई दिइदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।
- छिर्ने आयुर्वेद औषधालयलाई व्यवस्थित र थप स्तरोन्तीको लागि आवश्यक पहल गरिनेछ ।
- जनताको घरदैलोमा विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

### २. शिक्षा, युवा तथा खेलकुद

- आर्थिक, सामाजिक विकास लगायत समग्र विकासको सुत्राधारको रुपमा रहेको शिक्षा क्षेत्रको विकास लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न गुणस्तरीय भौतिक संरचना शिक्षक,

शिक्षिकाहरुको क्षमता विकास विद्यार्थीहरुमा पठन संस्कृतिको विकास गर्न ५ वर्षे गुरुयोजना वनाइ लागु गरिनेछ।

- S.E.E. उतीर्ण गरेको दलित छात्रछात्रालाई प्रतिस्पर्धाको आधारमा छनौट गरी प्राविधिक उच्च शिक्षा अध्ययनका लागि आवश्यक प्रवन्ध मिलाइने छ।
- सवै सामुदायिक विद्यालयमा प्रधानाध्यापक र अन्य शिक्षकहरुविच कार्यसम्पादन करार गरी विद्यालयको पठनपाठनमा नतिजामूलकता ल्याउन प्रधानाध्यापकलाई अधिकार सहित उत्तरदायी वनाउन आवश्यक व्यवस्था गरिनेछ।
- उच्च शिक्षाको लागि क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन तथा मुल्याङ्कन प्रणालीमा जोड दिइने छ ।
- एक विद्यालय एक स्वास्थ्य कर्मी कार्यक्रम लागु गर्ने नीति अनुरुप विद्यमान जनशक्तिलाई परिचालन गरी हरेक महिनाको एक पटक विद्यालयमैं पुगी विद्यार्थीको स्वास्थ्य जाँच एवम् जनस्वास्थ्य सचेतनाको कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय जनताहरुमा पठन संस्कृतिको विकास गर्दै नागरिक चेतना अभिवृद्धि गर्न स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन गर्ने सोंच लिइएको छ।
- विद्यालयमा शैक्षिक सूचना व्यवस्थापन प्रणाली खरिद गरी सवै विद्यालयमा क्रमशः जडान गरिने छ।
- विद्यालयको दिवा खाजा कार्यक्रममा विस्तार गरी विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीलाई स-सम्मानपूर्वक समेट्ने नीति ल्याइने छ।
- शैक्षिक, सुशासन र उत्तरदायित्वमा अभिवृद्धि ल्याउने नीति अनुरुप शिक्षक, विद्यार्थी र अभिभावकहरुको भूमिकालाई सशक्त तुल्याउन तालिम तथा गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
- प्रारम्भिक वाल कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था र सरसफाइ लाई ध्यान दिई खेलसामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहितको आकर्षक मनोरञ्जक र वालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ।वालविकास केन्द्रमा कार्यरत वालविकास शिक्षक शिक्षिकाहरुलाई उत्प्रेरित र जिम्मेवार वनाउन तलवमा पुनरावलोकन गरिनेछ।
- एक विद्यालय एक पुस्तकालयको व्यवस्था गरिने छ।
- विद्यालय सुधार कार्ययोजना ल्याइने छ। आवधिक रुपमा विद्यार्थीको उपलव्धी परीक्षण गरिने छ।यसको लागि विज्ञ टोलीको गठन गरि नियमित र आवधिक रुपमा शिक्षण सिकाइ क्रियाकलाप र सिकाइ उपलव्धिको मूल्याङ्कन गर्ने कार्यको थालनी गरिने छ।

- प्राविधिक शिक्षालय तथा व्यावसायिक सीप विकास तालिम केन्द्रको स्थापना गर्ने गरी कार्य अघि बढाइने छ।
- शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि शिक्षक दरवन्दी कम भएको विद्यालयहरुलाई अनुदान शिक्षकको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गर्ने कार्यलाई प्रभाकारी रुपमा कार्यान्वयन गरिनेछ साथै सबै तहका विद्यालहरुमा ईन्टरनेटको प्रयोग गरि प्रविधि मैत्री विद्यालय वनाईनेछ ।
- खेलकुद क्षेत्रको विकास र विस्तारका लागि खेलकुद संरचना निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालन गरिने छ ।
- पालिका स्तरीय खेलकुद कार्यक्रमलाई विशेष प्राथमिकता दिई भलिवल, तेक्वान्दो लगायतको खेलमा राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्ने गरी यस क्षेत्रलाई खेल पर्यावरणयुक्त क्षेत्रको रुपमा विकास गरिनेछ।
- प्रत्येक विद्यालयमा खेलकुद क्लव स्थापना गरिनेछ।
- खेल क्षेत्रलाई प्रोत्साहन गर्न सुलिचौर वा वरपरको क्षेत्रमा बहुउद्देश्यीय कभर्ड हलको निर्माण र व्यवस्थापन गरिनेछ।
- पालिका भित्र अन्तर वडा स्तरीय प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रमको आयोजना गरी खेलाडीको सम्मान र मनोवल उच्च गराइनेछ।
- बालबालिका तथा युवाहरुको लागि आवश्यक खेलकुद संरचनाको निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- शान्ति, विकास र समृद्धिको लागी युवा सहभागीता सुनिश्चित गरिने छ ।
- वैदेशिक रोजगारमा गएका स्थानीय तह भित्रका युवाहरुको अभिलेखिकरण व्यवस्थित गरिनेछ ।

**३. खानेपानी तथा सरसफाई**

- पिउने पानीको सुनिश्चिता गर्दै **'एक घर, एक धारा'** कार्यक्रमलाई अगाडि बढाइने छ ।
- खानेपानीको श्रोत एवं मुहानको पहिचान गरी मुहान संरक्षण शुद्धताको परीक्षण लगायतका कार्य गरिनेछ । खानेपानी वितरण विस्तारलाई अघि बढाइ यस क्षेत्रमा निर्वाध रुपमा खानेपानीको वितरण हुने व्यवस्था मिलाईने छ ।
- विभिन्न संघसंस्था, उपभोक्ता समिति, टोल विकास संस्था र निजी क्षेत्रहरुको परिचालन तथा सहकार्यमा सडक, टोल, सार्वजनिक स्थल एवं नदी सरसफाईको नीति लिइने छ । जथाभावी

फोहोर फ्याँक्ने व्यक्ति तथा समुदायको लागि कडाइका साथ दण्ड तथा जरिवाना गर्ने नीति अवलम्वन गरिने छ ।

- उपभोक्ता समिति एवं अन्य सरोकारवालाहरुसँगको साझेदारीमा प्राकृतिक प्रकोपका कारणले क्षति भएका खानेपानी तथा सरसफाइ संरचनाहरुको मर्मत तथा पुनर्निर्माण गरिनेछ ।

**४. सांस्कृतिक प्रवर्द्धन**

- स्थानीय मौलिक एवं प्राचीन बास्तुकला प्रवद्धन गर्न स्थानीय निर्माण सामाग्री प्रयोग गरी सुरक्षित घर निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिने छ ।
- गाउँपालिका भित्रको संस्कृति झल्किने गरी विभिन्न जातजाति तथा भेषभुषा समेट्ने खालका कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- तेवाङको लिस्नेलाई युद्ध पर्यटन, गजुलकोट र खुङ्ग्रीकोट दरवारलाई पुरातात्वि‍क विभागसंग समन्वयमा उत्खनन गरि पुरानै स्वरुपमा फर्काइ पर्यटकिय गन्तव्य, खुङ्ग्री चतुर्भुज देवि मन्दिरलाई धार्मिक मन्दिरको रुपमा विकास गरिनेछ ।

**५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र सशक्तिकरण**

- 'उपाध्यक्षसँग महिला कार्यक्रम' ल्याई गाउँपालिका भित्र रहेका महिलाहरुको सशक्तिकरणमा अभिवृद्धि गरिने छ ।
- स्वतन्त्रता, सामाजिक र लोकतन्त्रका लागि भएका परिवर्तनकारी जनआन्दोलन, जनयुद्ध लगायतका घटनाहरुमा सहिद, वेपत्ता, घाइते, उत्पिडित, अपाङ्गता भएका परिवारहरुलाई विशेष राहत, सम्मान र अवसर प्रदान गरिनेछ ।
- स्थानीय तहको सवाल पहिचान, योजना निर्माण र कार्यान्वयनमा युवा, यौनीक तथा लैङ्गिक अल्पसङख्यक, महिला र अपाङ्गता भएका व्यक्तिहरुको अर्थपूर्ण सहभागिता सुनिश्चताका साथ वार्षिक योजना निर्माण प्रक्रियामा किशोरकिशोरी तथा युवाहरुको सवालहरुको पहिचान गरिनेछ ।
- लागूपदार्थ दुर्व्यनी लैङ्गिक हिंसा जाती भाषाधर्म र लिङ्गका आधारमा हुने सबै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतना अभियान सञ्चालन गरिने छ ।
- महिला समूहद्वारा प्रवर्द्धित महिला सहकारी संस्थालाई उत्पादनमूलक व्यवसाय क्षेत्रमा परिचालन गर्न आवश्यक तालिम र अन्य सहायता प्रदान गरिनेछ।
- गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा मूलप्रवाहीकरण रणनीति बमोजिम संस्थागत संरचना र कार्यप्रणाली लैङ्गिक मैत्री बनाउँदै लगिनेछ ।

- महिला हिंसा, जातीय भेदभाव र छुवाछुत जस्ता कुरीतिहरुलाई न्यूनीकरण गरी सामाजिक सदभाव कायम गर्न अन्तरजातीय अन्तर्क्रिया तथा सचेतनामूलक कार्यक्रमहरु संचालन गर्न आवश्यक प्रवन्ध मिलाईने छ ।
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्ध महासन्धी १९७९ बेइजिङ घोषणा पत्र १९९५ को १२ वटा महिला सरोकारका क्षेत्रहरु, दिगो विकास लक्ष्यले लक्षित गरेका विषयहरु, बाल अधिकार महासन्धी १९८९, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको प्रस्ताव नं १३२५, १८२०, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि२००६ र अन्य अन्तराष्ट्रिय कानून, संघीय र प्रदेश कानून तथा संघ र प्रदेश योजनाहरुले निर्दिष्ट गरेका विषयहरुसम्वन्धी नवनिर्वाचित जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्दै उक्त विषयहरुलाई स्थानीयकरण गर्दै कार्यान्वयन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषमा कम्तीमा बार्षिक २००,००० (अक्षेरुपी दुई लाख रुपैंया) रकम थप गर्दै जाने र हिंसा पीडित तथा प्रभावित महिलाहरुलाई राहत, उद्धार, निःशुल्क कानूनी सहायता, मनोसामाजिक परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि अनुदान कोषबाट उपलव्ध गराइनुको साथै अनुगमनलाई प्रभावकारी बनाइनेछ ।
- न्यायिक प्रकृयामा आएका हिंसा प्रभावित महिलाहरुलाई पुनर्स्थापना नहुन्जेल सम्म सुरक्षाका लागि अस्थायी आवास सुविधा व्यवस्थापन गरिनेछ ।
- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, बालसमूह लगायत सामुदायिक स्तरका संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइने, लैङ्गिक बजेट विनियोजन अनुपात वृद्धि गरिने र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) लाई निरन्तरता दिइनेछ ।
- घरेलु तथा महिला हिंसा न्यूनीकरणका लागि पुरुष सहभागिता बढाइनेछ ।
- महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न वित्तीय उत्प्रेरणा सहित पहुँच बढाउने व्यवस्था गरिनेछ।
- विद्यालय तथा समुदाय स्तरमा बालसमूह गठन तथा परिचालन गरिनेछ र बालसमूह, बालसञ्जाल र बाल अधिकार समितिको क्षमता विकास गरिनेछ ।

- अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको लागि बाल संरक्षण कोषमा कम्तीमा बार्षिक २००,००० (अक्षेरुपी दुई लाख रुपैंया) रकम थप गर्दै लगिनेछ र बालबालिकासँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई पनि कोष वृद्धिको लागि आव्हान गरिनेछ ।
- गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न बालविवाह विरुद्धको रणनीतिको कार्यान्वयनका लागि विभिन्न संघ संस्थाहरुसँग समन्वय, सहकार्य गर्दै सामाजिक तथा कानूनी सचेतनामूलक कार्यक्रमलाई व्यापक बनाइनेछ ।
- वालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा वाल अधिकार सूचकहरु पूरा गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरिनेछ।
- बालश्रम रोक्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी अगाडि बढिनेछ । बालश्रममा जान सक्ने जोखिममा रहेका बालबालिकाका अभिभावकहरुलाई रोजगारीको व्यवस्था गर्दै लगिनेछ ।
- अपाङ्गता सम्वन्धी सचेतना बढाउनको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको अपाङ्गता सम्वन्धी पहिचानका लागि आवश्यक पूर्व परीक्षण प्रणाली (Early Screening) को सुरूवात गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ र व्यवसायिक र सीपविकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- ज्येष्ठ नागरिकहरुको हक, हित संरक्षण तथा आत्मसम्मान बढाउनका लागि ज्येष्ठ नागरिक क्लव र सञ्जाललाई सक्रिय बनाइनेछ र ज्येष्ठ नागरिकहरुविच अनुभव आदानप्रदान गर्न मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- हरेक परिवार र घर छिमेक विचको सदभाव, सहकार्य र एकतालाई बलियो बनाउन सह अस्तित्व पैदा गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- किशोरीहरुको सञ्जाल गठन गर्नुको साथै सुरक्षाका लागि आत्मरक्षा तालिमको व्यवस्था गरिने छ ।
- किशोर किशोरी तथा युवाहरुको सुरक्षित एवम् जिम्मेवारी चालचलन र व्यवहार प्रवर्द्धन तथा जिवनपयोगी क्षमता विकासका लागि आवश्यक उपयुक्त र सर्वसुलभ शैक्षिक वातावरण

विकासमा वातावरणमा जोड दिइने छ।

- गाउँपालिका कार्यालयमा स्तनपान कक्षको व्यवस्था गरिनेछ भने सवै सरकारी कार्यालयहरुमा स्यानटरी प्याडको व्यवस्था गरिने छ ।
- सवैलाई सीप, सवैलाई रोजगारी कार्यक्रम सञ्चालन गरी व्यावसायिक तथा सीप विकास तालिमलाई विस्तार गरिनेछ।
- गैर सरकारी संस्थाका परियोजना निर्माण देखि कार्यान्वयन सम्मका सवै चरणहरुमा स्थानीय सरोकारवाला तथा स्थानीय तहको सहभागिता सुनिश्चित गरिनेछ।
- सामाजिक सुरक्षा वितरण कार्यलाई वैंकिङ्ग प्रणालीको प्रयोग गर्दै सरल र भर्दपर्दो तुल्याइनेछ।

## ६. फोहोरमैला व्यवस्थापन

- गाउँपालिका भित्रका वजार क्षेत्रको फोहोरमैला संकलन गर्नका लागि डस्टविन वितरण गर्ने र उत्पादित फोहोरमैला विसर्जनको लागि थप प्रभावकारी बनाउने नीति अवलम्वन गरिने छ ।
- बजार तथा नदी खोलामा हुने फोहोरमैलाको न्यूनीकरणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।
- दिगो र वैज्ञानिकरुपवाट फोहोरको व्यवस्थापन गर्न उपयुक्त स्थानमा ल्याण्डफिल्ड क्षेत्रको खोजी गरी फोहोरमैला व्यवस्थापनका लागि दीर्घकालिन रणनीति र गुरुयोजना तयार गरी लागु गरिनेछ।

## पूर्वाधार क्षेत्र

## १. सडक, भवन तथा पूल

- सडक पूर्वाधारको निर्माण र स्तरोन्नती गर्दा सडक सुरक्षा मापदण्ड अनुरुप तुल्याइनेछ।
- वडा भवन नभएका वडाहरुमा यसै वर्षदेखि भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- तेबाङ स्वास्थ्य चौकी, अरेश स्वास्थ्य चौकी भवन निर्माणको लागि प्रकृया अगाडि बढाइनेछ।
- यस गाउँपालिका भित्रका मुख्य-मुख्य गौरवका आयोजनाहरुको विस्तृत पूर्व संभाव्यता अध्ययन गरिनेछ ।
- बजारक्षेत्र भित्रका सवै सडक र गल्लीलाई ढल निकास सहितको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सबै भौगोलिक क्षेत्रमा सहज पहुँच र आवागमनका लागि सडक गुरुयोजनाको आधारमा सडक सञ्जालको विकास तथा विस्तार गरिनेछ ।
- प्राथमिकताको आधारमा झोलुङ्गे पुलको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

- विभिन्न क्षेत्रबाट लागत साझेदारीका रुपमा प्राप्त हुन सक्ने आयोजनाहरु सञ्चालनका लागि आवश्यक बजेटको प्रवन्ध गरिनेछ ।
- स्थानीय स्तरमा सञ्चालन हुने विकास निर्माण र योजना कार्यान्वयनको कार्यलाई दिगो र गुणस्तरीय बनाउन छुट्टै अधिकार सम्पन्न स्थानीय विकास प्राधिकरण गठन र सञ्चालनका लागि अध्ययन गरी नीतिगत तथा कानूनी संरचना निर्माणको तयारी सुरु गरिनेछ।
- सालवसालि वर्षायाममा आउने भु-क्षय, पहिरोले सडकमा क्षति पुर्याइ मर्मत संभार गर्दा वर्षेनी बजेटमा चाप परेको र जैविक विविधतामा समेत ह्रास ल्याउने भएकोले गाउँपालिका र उपभोक्ताको साझेदारीमा Bio Engineering मार्फत सडक सुरक्षालाई मजवुत गराउने नीति लिइएको छ।
- निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवनलाई समयमै तोकिएको गुणस्तर र लागतमा सम्पन्न गर्न बजेटको सुनिश्चितता सहित विकास व्यवस्थापनको क्षमता अभिवृद्धि गरिने छ।
- दोस्रो पञ्चवर्षिय योजनाको अवधिमा मुख्य सडकहरुमा कालोपत्रे र खण्डस्मित गर्ने कार्य पूरा गर्ने गरि तयारी सुरु गरिनेछ।
- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक भवनहरु अपाङ्गमैत्री, बालमैत्री, ज्येष्ठ नागरिक मैत्री र लैङ्गिक मैत्री बनाइनेछ ।

## २. व्यवस्थित सहरीकरण

- बर्जिबाङ खाक्सिमेला लामपाटा छिर्ने बाउवाङ फर्साचौर केराबारीलाई व्यवस्थित बजारको रुपमा विस्तार गरिने छ ।
- सुलिचौर, रुइनिबाङ बजार क्षेत्रका मुख्य सडकमा सडक वत्ति र CCTV Camera जडान गरिनेछ ।

## ३. संचार तथा सूचना प्रविधि

- पञ्जिकरण तथा घटना दर्ता अनलाइन प्रणालीलाई वडा कार्यालयबाट अनलाइनबाटै प्रमाण पत्र प्रदान गरिने व्यवस्थालाई थप प्रभावकारी बनाइने छ ।
- जनता सु-सुचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न कार्यालयहरुको सम्पादित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, चौमासिक सार्वजनिकरण गर्ने कार्यलाई मिडियासँग सहकार्य गरी सूचना प्रवाह गरिनेछ ।
- गाउँपालिकाका सवै नागरिकका व्यक्तिगत विवरण जस्तै: जन्म दर्ता, नागरिकता, मतदाता परीचय पत्र लगायतका विवरणहरुको एकीकृत विद्युतीय अभिलेख कायम गर्ने गरि Data center को विकास गरिनेछ।
- गाउँपालिकाको विस्तृत जि.आइ.एस. नक्सा विकास गरि प्रविधिमय गाउँपालिका बनाइनेछ ।



२०७३ सुलिचौर, रोल्पा

## ४. उर्जा

- वडा नं. २ खुंग्री, वडा नं. ३ मिझिङको वजार क्षेत्रमा सौर्य वत्ति जडान गरिने छ भने सवै वडा कार्यालयहरुमा क्रमश: सौर्य वत्ति जडान गरिदै लगिनेछ ।
- बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रसँग समन्वय गरी सौर्य सडक बत्ति जडान तथा सौर्य उर्जालाई समेत प्राथमिकता दिने नीति लिइनेछ ।
- गाउँपालिकाका सवै टोल र क्षेत्रमा विद्युत सेवा पुर्याउन विद्युतिकरणको कार्यलाई तिव्रता दिइनेछ। साथै स्वच्छ उर्जाको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याइने छ।
- सवै नागरिकको न्यूनतम् २० यूनिट सम्मको विद्युत महशुललाई निशूल्क गरिने व्यवस्था मिलाईनेछ ।

## ५. वन वातावरण तथा विपद् व्यवस्थापन

- बहुउपयोगी संरक्षण पोखरी एवम् ताल निर्माण र व्यवस्थापन पानीको मूल संरक्षण आकस्मिक पहिरो तथा भु-स्खलन नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- विकास र वातावरणविचको सन्तुलनलाई विकासको आधारभूत शर्तको रुपमा पालना गरिनेछ ।
- विपद् पूर्व तयारी र प्रतिकार्य योजना बनाइ लागु गरिनेछ। विपद् प्रभावितहरुको राहत र उद्धार कार्यको लागि विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन गरिनेछ।
- जलवायु परिवर्तन अनुकूलनका साथै स्वस्थ पर्यावरण निर्माणका लागि एक जोडि वर, पिपल वा २ स्वामीको विरुवा सार्वजनिक क्षेत्रमा हुर्काइ वडा कार्यालयमा दर्ता गराउने व्यक्ति समूह वा टोल विकास संस्थालाई नगद सम्मान गर्ने नीति लिइनेछ।
- जैविक विविधता र त्यससँग जोडिएको आदिवासी जनजाती तथा स्थानीय समुदायका परम्परागत ज्ञान, सीप, अभ्यास, सामाजिक सांस्कृतिक पद्धति, कला, बौद्धिक सम्पत्तिको अभिलेखीकरण तथा दर्ता गरिनेछ।
- सुलिचौर र रुइनिवाङ वजार क्षेत्रलाई स्वच्छ र सौन्दर्यीकरण गर्दै हरित वजारको रुपमा विकास गर्ने कार्यको थालनी गरिनेछ।
- विपद् प्रतिकार्य योजना तयार गरी जोखिमका क्षेत्रहरु पहिचान गरी त्यसको संरक्षण गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका सामुदायिक वन संरक्षण गरिनेछ । सडक किनारमा हरियाली प्रवद्धन गर्न आवश्यक कार्यको शुरुवात गरिनेछ ।ठूला परियोजनाको निर्माण वातावरणीय परीक्षणा

प्रणालीलाई कडाइका साथ अवलम्बन गरिनेछ । भौतिक पूर्वाधारको निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान दिइनेछ ।

- दैवी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न हुन सक्ने जोखिम व्यवस्थापनको लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- वर्षादको समयमा हुने बाढि पहिरो हावाहुरी असिना चट्याङ आगलागी जस्ता आकस्मिक रुपमा हुने प्रकोप तथा विपद्लाई व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ साथै राहत उद्धारको कार्यलाई प्राथमिकताका राखि कार्यान्वयन गरिनेछ ।

**सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र**

**१. राजश्व**

- राजस्व परिचालनमा प्रभावकारिता हासिल गरी गाउँपालिकाको आन्तरिक आयको मात्रा बढाउन कर राजस्व र गैर कर राजस्वको दरको समायोजन र पुनरावलोकन गर्ने करको दायरालाई बृहत वनाउने करदातामा कर तिर्ने बानीको विकास गर्ने उत्कृष्ट करदाता छनौट गरी सम्मान गर्ने नीति ल्याइनेछ।
- उद्योग वाणिज्य संघ लगायतको संघसस्थाको समन्वयमा करदाता शिक्षा तथा जनचेतनाका कार्यक्रमलाई सघनतापूर्वक सञ्चालन गरिनेछ।
- समयमै काम सम्पन्न गर्ने उपभोक्ता समितिलाई पुरस्कृत र काममा लापरवाही गर्ने उपभोक्ता समितिलाई दण्डित गर्ने नीति अवलम्वन गरिनेछ ।
- श्रोत साधनहरुको अधिकतम् परिचालन गरी गाउँपालिकाको आन्तरिक आय वृद्धिमा विशेष जोड दिइनेछ ।
- राजश्व प्रणालीमा कर नतिर्ने कर बक्यौता राखे तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको विवरण संकलन गरी करको दायरामा ल्याउने नीति अवलम्वन गरिनेछ ।
- राजश्व अभिवृद्धि गर्ने दिशामा प्रभावकारी कदम चालिनेछ । गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरुलाई कर चुक्तासँग आवद्ध गरिनेछ ।
- आयोजना सञ्चालन गर्दा उपभोक्ता समितिहरुलाई आयोजना शुरु पूर्व अभिमुखीकरण तालिम र आयोजनाको अन्तमा अनिवार्य रुपमा खर्च सार्वजनिक गर्ने व्यवस्थालई कडाईका साथ लागु गरिनेछ ।
- पसलहरुमा अनिवार्य मूल्य सूची राख्नुपर्ने व्यवस्था गरी मूल्य र गुणस्तरको नियमित अनुगमन गरिनेछ ।

- स्थानीय कर सेवा शुल्क तथा दस्तुर लगाउने, उठाउने, खारेज गर्ने, छुट दिने, परिवर्तन गर्ने वा कर प्रणालीलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- चालु आ.व. मा करप्रणालीलाई पारदर्शी र सुदृढ बनाउन गाउँपालिकाले विद्युतिय प्रणालिबाट कर संकलन गर्ने कार्यको सुरुवात गरिसकेको सन्दर्भमा मालपोत तथा भूमिकर वा एकिकृत सम्पत्ति कर उठाउन सम्पूर्ण गाउँपालिका भर रहेका घरजग्गाको अभिलेखिकरण तथा लगत संकलनको कार्यलाई अभियानकै रुपमा संञ्चालन गरी सबैलाई करको दायरामा ल्याइने छ , साथै करका दर र दायरामा समयनुसार पुनरावलोकन गरिने छ ।
- प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त हुने हक प्रदान गरेको साथै गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून कमोजिम क्षतिपुर्ती पाउने हक समेत प्रदान गरेको सन्दर्भमा उपभोक्ता अधिकारका बारेमाबहसपैरवी गर्न र गाउँपालिका सँग सहकार्य , गरी आवश्यक कार्य गर्न उपभोक्ता अधिकारमञ्च गठन, उपभोक्ता शिक्षा सम्बन्धि सचेतनामूलक कार्यक्रम र नियमित बजार तथा उध्योग व्यवसायको अनुगमन कार्यक्रम संञ्चालन गरिने छ ।
- चालु आ.व. बाट गाउँपालिकाले ५ लाख सम्मको स्थिर पुँजी रहेको प्राइभेट फर्मको रजिष्ट्रेशन गर्दै आएको सन्दर्भमा यसलाई अझै विस्तार गरी दर्ता नगरी कुनै पनि व्यापार व्यवसाय नगर्ने वातावरण सिर्जना गर्न रजिष्ट्रेशनको लागि प्रचार प्रसार अनुगमन र स्थलगत रुपमा रजिष्ट्रेशन तथा कर संकलन अभियानलाई संञ्चालन गरिने छ ।

२. सेवा प्रवाह विकास र सुशासनः

- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासको आवश्यक तालिमको व्यवस्था गरिनेछ । सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाइने छ । पुरस्कार र दण्ड प्रणालीलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ । गाउँपालिकालाई जीवन्त आत्मनिर्भर र गतिशील संस्थाको रुपमा व्यवस्थित गर्न आवश्यक कदम चालिनेछ ।
- लामो समयदेखि करार सेवामा कार्यरत रही विना आर्थिक सुविधा सेवा निवृत कर्मचारीहरुलाई विशेष आर्थिक सुविधा सहित विदाई गरिनेछ ।
- गाउँपालिका अन्तर्गत कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको तलवमानमा समय सापेक्ष वृद्धि गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवालाई अधिकतम् जनताको घर दैलोमा पुर्याइनेछ। यसका लागि मासिक रुपमा प्रत्येक टोलमै पुगेर घुम्ति सेवा मार्फत घटना दर्ता गर्ने योजना संझौता

गर्ने स्वास्थ्य सिविर सञ्चालन गरिनेछ। वडा सेवा केन्द्रको स्थापना गरिनेछ। साथै वैंक सँगको समन्वयमा सामाजिक सुरक्षा भत्ता वडामा वितरण गर्ने गरिने व्यवस्था मिलाईने छ ।

- सुनिलस्मृति गाउँपालिकाको सवै गतिविधि र सूचनामा  नागरिकको पहुँच कायम हुने गरी Mobile Application को Develop गरी सञ्चालनमा ल्याइनेछ।
- सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गरिनेछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को जिम्मेवारी पूरा गर्ने गरी नगर प्रहरीको गठन सञ्चालन र व्यवस्थापन गरिने छ।
- स्थानीय वस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिने छ।
- सबै खाले सार्वजनिक खरिदमा मितव्ययिताको साथै निपूर्णता र पूर्णतः प्रतिष्पर्धि वनाइने छ।
- पालिकामा रहेका वा यस क्षेत्रको विकास र समृद्धिका प्यासीहरु तथा विश्वविद्यालयको उच्च शिक्षा(स्नातकोत्तर) उतीर्ण गरेका वा विभिन्न सेवा र कर्मको क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरुको Think Tank निर्माण गरी गाउँपालिकाको विकास र समुन्नतीका लागि बौद्धिक लागत लिने कार्यको सुरुवात गरिनेछ।
- <u>जनतासंगै वडा कार्यक्रमःवडाका ५० घरधुरीलाई टोल विकास संस्था गठन</u> गरी टोल विकास संस्थालाई स्थानीय स्तरको विकासमा आवश्यक कानूनको निर्माण गरि परिचालन गरिनेछ। प्रत्येक टोल विकास संस्था मध्ये उत्कृष्ट कार्य गर्ने संस्थालाई रु २५००० नगद सम्मान गरिनेछ।
- योजना बैंकको अवधारणा अनुरुप वस्ति स्तरवाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ। मध्यकालीन खर्च संरचना(MTEF) को कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि वजेटको सुनिश्चितता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजना हरुको निर्माण गरिनेछ।
- नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी हटलाईन सेवा सञ्चालन गरिनेछ।
- सेवा प्रवाह र विकासलाई प्रभावकारी वनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ।
- राष्ट्रसेवकलाई थप जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा अभिवृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। मापन योग्य सूचक सहित कार्य सम्पादन करार गरी सवै कर्मचारीको कार्यविवरण तयार गरि लागु गरिनेछ। कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीलाई प्रोत्साहन दिइने छ ।

- सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न आगामी आ.व. मा खरिद इकाई गठन गरेर वार्षिक खरिद योजना तयार गरी खरिद गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रबन्ध मिलाइने छ ।
- सामाजिक संघ सस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजीक्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्व लाई नियमन गरि कार्यान्वयनमा गरिनेछ।

**३. गरिबी निवारणः**

- विपन्न परिवारको संरक्षण गरी गरिबीको दुष्चक्रबाट बाहिर ल्याउन कल्याणकारी नीति ल्याइनेछ।
- परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित लघु तथा घरेलु उद्योगलाई प्रविधि हस्तान्तरण तथा बजार संरक्षण मार्फत प्रवर्द्धन गरिनेछ।
- दलित वर्गहरुको उत्थान र सशक्तिकरणका लागि परम्परामा आधारित आयमुलक गतिविधि सञ्चालन गर्न आवश्यक व्यावसायिक सीप विकास तालिम प्रदान गरिनेछ।
- खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यलाई आगामी आ.व.मा अभियानको रुपमा सञ्चालन गर्न सो सम्वन्धी वास्तविक लक्षित वर्गको पहिचान गरिनेछ।

**४. अन्यः**

- न्यायिक समितिको न्यायिक क्षमता अभिवृद्धि गर्दै न्यायिक कार्यविधिलाई पूर्णतः अभ्यासमा ल्याईनेछ।
- विकास निर्माणको काममा आइपर्ने समस्याको तत्काल समाधानका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा विकास समस्या समाधान समिति संयन्त्र निर्माण गरिनेछ।
- स्थानीय सरकारसँग जनता कार्यक्रमलाई सञ्चालनमा ल्याई सम्पूर्ण जनतालाई स्थानीय सरकारको प्रत्याभूति गराइनेछ ।
- बस्तीबस्ती अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइ थप प्रभावकारी बनाईनेछ ।

धन्यवाद